# दंगीशरण गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

तहवृद्धि/तह मिलानको सूचना नम्बरः १/०८१/८२

पत्र संख्या
चलानी नं.

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

## तह मिलान/तहवृद्धिका लागि आवेदन फारम पेश गर्ने सम्वन्धि सूचना

*(सूचना प्रकाशित मिति :- २०८१/१२/२७)*

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम तहवृद्धि/तह मिलान हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले तह मिलान/तह वृद्धि हुन चाहेमा तह मिलान/तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

(१) सक्कल निवेदन,
(२) हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
(३) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
(४) कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
(५) अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
(६) पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फारम पेस गरेको निकायको विवरण,
(७) सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
(८) हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तह मिलान/तहवृद्धिका लागि अयोग्य नरहेको स्व-घोषणा,
(१०) तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,

यादव बहादुर डाँगी
अधिकृतस्तर छैठौं